# अन्नपूर्ण गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ८ संख्याः ५, मितिः २०८१ साल भाद्र ३० गते**

## भाग -२

**अन्नपूर्ण गाउँपालिका कास्की शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०८१**

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०४/२४**

**प्रस्तावना**

शिक्षा नियमावली २०५९ दफा ९७ अनुसार करारमा शिक्षक नियुक्ति सम्वन्धिको व्यवस्थापनका अनुसार अन्नपूर्ण गाउँपालिका कास्की अन्तर्गत सामुदायिक विद्यालयमा नेपाल सरकारद्वारा स्वीकृत दरवन्दी, राहत अनुदान कोटा, शिक्षण सहयोग अनुदान, बालविकास शिक्षक, गाउँपालिकाको स्रोतबाट तलब भत्ता खाने पदमा नियुक्त हुने शिक्षक, कर्मचारी तथा बालविकास केन्द्रका शिक्षकहरु र स्वयम सेवक शिक्षकहरुको करार नियुक्ति प्रक्रियालाई व्यवस्थित गर्नको स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) दिएको अधिकार प्रयोग गरी अन्नपूर्ण गाउँपालिका कास्की यो कार्यविधि स्विकृत गरी जारी गरीएको छ ।

**परिच्छेद- एक**

प्रारम्भिक

**१ संक्षिप्त नाम, प्रारम्भ र प्रयोग**

क यो कार्यविधिको नाम अन्नपूर्ण गाउँपालिका कास्की शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०८१ रहेको छ ।

ख यो कार्यविधि अन्नपूर्ण गाउँपालिका कास्की अन्तर्गतका सामुदायिक विद्यालय तथा वालविकास केन्द्रहरुमा हुने अस्थायी तथा करार शिक्षक र विद्यालय कर्मचारी पदमा नियुक्ति सम्बन्धी प्रयोजनमा लागू हुनेछ ।

ग यो कार्यविधि गाउँपालिकावाट स्विकृत भएका मितिवाट प्रारम्भ हुनेछ ।

घ यो कार्यविधि सामुदायिक विद्यालयका विद्यालय सहयोगी, विद्यालय कर्मचारी, बालविकास शिक्षक,प्राथमिक तहदेखि माध्यमिक तहसम्म नेपाल सरकार वा गाउँपालिकाको स्रोतबाट तलब भत्ता पाउने गरी स्वीकृत दरवन्दी, अस्थायी, करार, परियोजना तथा राहत अनुदानकोटा शिक्षण सहयोग अनुदान तथा स्वयम सेवकको रुपमा नियुक्त हुने शिक्षक कर्मचारीहरुको नियुक्तिको लागि प्रयोग हुनेछ ।

**२ परिभाषा**

क. 'ऐन' भन्नाले शिक्षा ऐन, २०२८ सम्झनुपर्छ तथा प्रादेशिक शिक्षा ऐन समेतलाई जनाउनेछ ।

ख. 'नियमावली' भन्नाले अन्नपूर्ण गाउँपालिका कास्की शिक्षा नियमावली, २०७४ (शंसोधन सहित) सम्झनुपर्छ । साथै नियमावली भन्नाले प्रचलित संघिय शिक्षा नियमावली तथा प्रादेशिक शिक्षा नियमावलीलाई समेत जनाउनेछ ।

ग. 'शिक्षक सेवा आयोग' भन्नाले संघीय कानून अनुसार गठित शिक्षक सेवा आयोग सम्झनु पर्छ । यो शब्दले प्रादेशिक स्तरमा शिक्षक सेवा आयोग गठन भएमा सो आयोगलाई समेत जनाउनेछ ।

घ. शिक्षा शाखा भन्नाले अन्नपूर्ण गाउँ पालिकाको शिक्षा युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

ङ. गाउँ पालिका भन्नाले अन्नपूर्ण गाउँपालिका सम्झनु पर्नेछ ।

च. अध्यक्ष भन्नाले अन्नपूर्ण गाउँपालिका अध्यक्ष सम्झनु पर्नेछ ।

छ. 'कार्यविधि' भन्नाले अन्नपूर्ण गाउँपालिका कास्की शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०८१ सम्झनु पर्नेछ ।

ज. शिक्षक भन्नाले विद्यालयमा अध्यापन गराउने शिक्षक सम्झनु पर्नेछ ।

## परिच्छेद : दुई

## शिक्षक नियुक्ती र समिति

**३. करारमा शिक्षक नियुक्ती सम्बन्धी व्यवस्थाः** (३.१) नेपाल सरकारको स्रोतबाट पारिश्रमिक पाउने दरवन्दीका शिक्षक पदमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा विद्यालय व्यवस्थापन समितिले गाउँ पाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा मार्फत शिक्षक सेवा आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नु पर्नेछ । गाउँपालिकाले सो वमोजिम सुचिमा सुचिकृत उम्मेदवारको नामावली उपलब्ध गराउनु पर्नेछ।

३.२ उपनियम (३.१) बमोजिम माग गरेको सूची प्राप्त भए पछि सूचीमा रहेका उम्मेदवार मध्ये व्यवस्थापन समितिले शिक्षा युवा तथा खेलकुद शाखाको प्रतिनिधि मार्फत शिक्षक सेवा आयोगले निर्धारण गरेको अन्तरवार्ता सम्वन्धि पाठ्यक्रमका आधारमा अन्तरवार्ता लिएर बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्न सक्नेछ । सो सिफारिसका आधारमा विद्यालयले पढिमा एक शैक्षिक सत्रका लागि करारमा नियुक्ति दिन सक्नेछ ।

३.३ उप नियम (३.१) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारले शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा व्यवस्थापन समितिले नियम ४ उपनियम ४.१ बमोजिमको शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेको व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

४. **शिक्षक तथा कर्मचारी छनौट समिति :**(४.१) सामुदायिक विद्यालयमा नेपाल सरकारद्वारा स्वीकृत दरवन्दी र राहत/अनुदान शिक्षण सहयोग अनुदान गाउँपालिकावाट उपलव्ध कोटामा करारमा शिक्षक र विद्यालय कर्मचारी तथा बालविकास शिक्षक नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय वमोजिमको शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ :

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्यः अध्यक्ष

(ख) गाउँपालिकाको शिक्षा अधिकृत वा शिक्षा युवा तथा खेलकुद शाखाको प्रतिनिधि सदस्य

(ग) स्थानीय तहवाट सूचिकृत विशेषज्ञकोवाट २ जना सदस्य

(घ) प्रधानाध्यापकक सदस्य–सचिव

(४.२)शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

(४.३) विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार वि व्य स अध्यक्ष, प्रधानाध्यापकक र शिक्षा युवा तथा खेलकुद शाखाको प्रतिनिधिको रोहवरमा गोला प्रथावाट विशेषज्ञ छनौट गरिनेछ ।

(४.४) गाउँपालिकावाट सूचिकृत विशेषज्ञको अभाव भएमा शिक्षा विकास तथा समन्वय इकाइवाट प्रकाशित वा जिल्ला स्थित अन्य स्थानीय तहवाट प्रकाशित विषयविज्ञ सूचिवाट विज्ञको सहयोग लिन सकिनेछ ।

## परिच्छेद : तीन
## नियुक्तिका प्रक्रिया

**५. नियम ४ उपनियम ४.१ बमोजिमको समितिले शिक्षक कर्मचारी नियुक्ति गर्दा अवलम्वन गर्नुपर्ने प्रक्रियाः** (५.१)शिक्षक,कर्मचारी तथा बालविकास शिक्षक नियुक्ति गर्दा शिक्षा युवा तथा खेलकुद शाखाबाट दरवन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराई अनुमति लिएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्न सकिनेछ ।

(५.२)शिक्षक, कर्मचारी तथा बालविकास शिक्षक नियुक्ति गर्न विज्ञापनका लागि कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना सम्भाव्य सवै माध्यमवाट प्रकाशन गर्नुका साथै वडा कार्यालय, गाउँपालिका कार्यालय र सम्बन्धित विद्यालय समेतमा त्यस्तो सूचना टाँस्नु पर्नेछ । यस्तो सूचना अन्नपूर्ण गाउँपालिका कास्कीको वेवसाइटमा समेत राख्ने व्यवस्था मिलाउनु पर्ने छ ।

(५.३)शिक्षक, कर्मचारी तथा बालविकास शिक्षक पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र निवेदन साथ पेश गर्नु पर्नेछ ।

(५.४)प्राप्त हुन आएका निवेदन, प्रमाणपत्र र सम्बन्धित विवरणहरु सम्बन्धित विद्यालयले शिक्षा युवा तथा खेलकुद शाखामा उपलब्ध गराउनु पर्नेछ ।

(५.५)शिक्षा युवा तथा खेलकुद शाखाको परामर्शमा कम्तिमा ३ दिनको अवधि तोकी लिखित परीक्षाको मिति तय गरी सम्बन्धित उम्मेदवारहरुलाई सूचित गर्नुपर्नेछ ।

(५.६)उक्त परीक्षाको केन्द्र गाउँपालिकामा हुनेछ । परीक्षा संचालन, प्रश्नपत्र निर्माण लगायत अन्य आवश्यक कार्यविधि नियम ४ उपनियम ४.१ बमोजिम गठित समितिको निर्णय अनुसार हुनेछ ।

(५.७)नियम ४ उपनियम ४.१ बमोजिम गठित समितिको सिफारिसमा विद्यालयले यस नियम बमोजिम करारमा शिक्षक, कर्मचारी तथा बालविकास शिक्षक नियुक्त गरी सोको अभिलेखीकरणको लागि शिक्षा युवा तथा खेलकुद शाखालाई जानकारी दिनु पर्नेछ र शिक्षा युवा तथा खेलकुद शाखाले सोको अभिलेख राखेको प्रमाण विद्यालयलाई दिनु पर्नेछ ।

(५.८)नियम ३ उपनियम ३.२ मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा शिक्षक तथा कर्मचारी नियुक्त भएको एक शैक्षिक सत्रसम्म पनि रिक्त पदमा नियमानुसार स्थायी पद पूर्ति नभएमा व्यवस्थापन समितिले करारको म्याद थप गर्न सक्नेछ । विद्यालयले प्रत्येक शैक्षिक सत्रको शुरुमा उक्त म्याद थपेको पत्र अभिलेखीकरणको लागि शिक्षा युवा तथा खेलकुद शाखा समक्ष पेश गर्नुपर्नेछ ।

(५.९)यस नियम वमोजिमको प्रक्रिया नपुर्याइ शिक्षक, कर्मचारी तथा बालविकास शिक्षक नियुक्ति गरेमा गाउँ शिक्षा समितिववाट त्यस्तो नियुक्ति बदर गरी सम्बन्धित प्रधानाध्यापककलाई कारबाही गरिनेछ ।

(५.१०) विद्यालयमा नेपाल सरकारको स्रोतबाट तलब भत्ता पाउने जुनसुकै प्रकारका शिक्षक, विद्यालय सहायक, विद्यालय सहयोगी तथा बालविकास शिक्षक नियुक्तिमा यो प्रक्रिया अवलम्वन गर्नुपर्नेछ ।

## परिच्छेदः चार

### योग्यता र पाठ्यक्रम सम्वन्धमा

६. **शिक्षक तथा कर्मचारीको योग्यता** र पाठ्यक्रमः (६.१) शिक्षकहरुको योग्यता शिक्षक सेवा आयोगले निर्धारण गरेको योग्याता नै शिक्षकहरुको नियुक्तिका योग्य मानिनेछ ।

(६.२) विद्यालय कर्मचारी (लेखापाल) को लागि लोकसेवा आयोगले लेखापालका लागि निर्धारण गरेको शैक्षिक योग्यता नै विद्यालय कर्मचारी (लेखापाल) शैक्षिक योग्यता हुनेछ ।

(६.३) विद्यालय सहयोगि कर्मचारीको लागी शैक्षिक योगयता काम्तिम कक्षा ८ आठ उत्तिर्ण भएको हुनु पर्नेछ ।

(६.४) शिक्षकको लागि पाठ्यक्रम शिक्षक सेवा आयोगवाट निधार्रण गरे अनुसार हुनेछ ।

(६.५) विद्यालय कर्मचारी (लेखापालका) लागि लोकसेवा आयोगले लेखापालका लागि निर्धारण गरेको प्रठ्यक्रमल नै आधार मानिनेछ ।

(६.६) विद्यालय सहयोगिका लागि पाठ्यक्रम विद्यालयले आफैले निर्धारण गर्न सक्नेछ ।

(६.७) कक्षा १२ वा सो सरह उत्तिर्ण गरी तालिम प्राप्त व्यक्ति वालकक्षाको शिक्षक पदमा नियुक्तिका लागि योग्य मानिनेछ ।

(६.८) वालकक्षा शिक्षकको पाठ्यक्रम प्राथमिक शिक्षकको लागि निर्धारण गरे अनुसारको हुनेछ ।

## परिच्छेद- पाँच

परीक्षा सञ्चालन सम्वन्धमा

**७.प्रश्न निर्माण परिक्षा सञ्चालन सम्वन्धि व्यवस्था तथा परीक्षा संचालन सम्बन्धी प्रक्रियाः**

(७.१) शिक्षा युवा तथा खेलकुद शाखाको समन्वयमा विद्यालयले तोकेको केन्द्र, मिति र समयमा परीक्षा संचालन हुनेछ ।

(७.२) विद्यालय सहयोगि र वालकक्षा शिक्षकका लागि परीक्षा केन्द्र समवन्धित विद्यालयले नै निर्धारण गर्न सक्ने छ तर शिक्षकको नियुक्तिका लागि सञ्चालन हुने परीक्षा केन्द्र भने गाउँपालिकको कार्यालयमा नै हुनेछ ।

(७.३) परीक्षा संचालनको क्रममा आवश्यक पर्ने कर्मचारी तथा अन्य व्यवस्था शिक्षा युवा तथा खेलकुद शाखाले तोकेबमोजिम हुनेछ ।

(७.४) शिक्षक नियुक्तिक लागि गाउँ पालिका भित्रका विद्यालयमा भएका विज्ञापनलाई एकिकृत गरी महिनाको १ दिन तह र विषय मिल्नेहरुको लागि विद्यालय र गाउँपालिकाको समन्वयमा परीक्षा मिति निर्धारण गरीनेछ ।

(७.५) एकै प्रकारको विज्ञापनमा एक भन्दा वढि विद्यालयको विज्ञापन भएर १५ जान सम्म परीक्षार्थी भएमा एकैदिन परीक्षा सञ्चालन गर्ने । विशेषज्ञ एउटै प्रयोग गरी एकै प्रकारका पश्नवाट परीक्षा सञ्चालन गर्ने ।

(७.६) विज्ञापनमा १५ जना भन्दा वढि परीक्षार्थीहरु भएमा विज्ञापन जेष्ठताका आधारमा पहिला विज्ञापनको परीक्षा पहिला र पछि भएको विज्ञापनको परीक्षा निर्धारण गरेको मितिको भोलिपल्ट परीक्षा सञ्चालन गरिने छ ।

(७.६) परीक्षार्थीले एक भन्दा वढि विद्यालयको विज्ञापनमा सहभागि भएका र सहभागि भएका विद्यालयहरुमा उत्तिर्ण हुने सम्भावना भएकोले सो प्रकारका परीक्षार्थीहरुलाई परीक्षा सुरुहुन भन्दा अगाडिनै विद्यालय प्राथमिकता फारम भर्न लगाउने प्राथमिकता आधारमा रोजेको विद्यालयमा नियुक्तिका लागि सिफरिस गरिनेछ र अन्य विद्यालयको नतिजा प्रकाशनमा सहभागि गराईने छैन ।

८. **प्रश्नपत्र निर्माण सम्बन्धी प्रक्रियाः**(८.१) प्रश्न निर्माणको लागि शिक्षा युवा तथा खेलकुद शाखामा रहेको विषय विज्ञहरुको अभिलेख अनुसार विषयगत विशेषज्ञको सूचिवाट गोला तानी परीक्षा संचालन हुनुभन्दा २ घण्टा अघि आवश्यक मात्रामा विशेषज्ञको नामावली छनौट गरिनेछ ।

(८.२) छनोट भएका विशेषज्ञहरुलाई शिक्षा युवा तथा खेलकुद शाखामा गोप्य रुपमा वोलाइ शिक्षक सेवा आयोगको तत्काल कायम पाठ्यक्रम अनुसार छनोट समितिका पदाधिकारीको रोहवरमा प्रश्न निर्माण गर्न लगाइनेछ । प्रश्न निर्माण पछि छपाइ तथा फोटोकपी गरी तत्काल खामवन्दी गरी परीक्षा केन्द्रमा परीक्षा समितिको रोहवरमा खोली परीक्षा संचालन गरिनेछ ।

**९. उत्तरपुस्तिका परीक्षण सम्बन्धमाः** (९.१) वस्तुगत तथा विषयगत परीक्षाका उत्तरपुस्तिकाहरु प्राप्त भएपछि शिक्षा अधिकृतको वा निजले तोकेको शाखाको कर्मचारीको रोहवरमा उत्तरपुस्तिकाको कोड कायम गरी कोडिङको अर्धकट्टी तत्काल शिलवन्दी गरिनेछ ।

(९.२) कोडिङ गरिसकेपछि छनौट समितिको रोहवरमा विषयविज्ञवाट उत्तरपुस्तिका परीक्षण गराइनेछ ।

(९.३) समान्य परीक्षाको उत्तरपुस्तिका परिक्षण सम्बन्धमा नियम ४ उपनियम (४.१) बमोजिम गठित समितिको निर्णय अनुसार विषयविज्ञहरुले तत्काल उत्तरपुस्तिका परिक्षण गरी प्राप्ताङ्क सहित उत्तर पुस्तिका छनौट समिति समक्ष पेस गर्नेछ छनौट समितिले शिक्षक सेवा आयोगले निर्धारण गरे अनुसारका आधारमा उत्तिर्ण उम्मेदवारको नामावलि प्रकाशित गर्नेछ ।

(९.४) समान्य परीक्षामा उत्तिर्ण उम्मेदवारका लागि मात्र विषयगत परीक्षा सञ्चालन गरिनेछ विषयगत परीक्षा समाप्त पश्चात कोडिङ गरेर छनौट समितिको रोहवरमा विषयविज्ञवाट उत्तरपुस्तिका परीक्षण गराइनेछ । विषयगत र वस्तुगतको प्राप्ताङ्क जोडेर शिक्षक सेवा आयोगले निर्धारण गरे अनुसारका आधारमा उत्तिर्ण उम्मेदवारको नामावलि प्रकाशित गर्नेछ ।

(९.५) सामान्य परीक्षा तथा विषयगत परीक्षामा सवै परिक्षार्थी अनुत्तिर्ण भएमा पूनः सात दिने सूचना प्रकाशित गरी विज्ञापन गरेर शिक्षक नियुक्तिको प्रक्रिया अगाडि वढाइनेछ यस प्रकार विज्ञापन विद्यालय स्वयले गर्नु पर्नेछ ।

**१० अन्तर्वार्ता सम्बन्धमाः**(१०.१) अन्तर्वार्ता छनौट समितिले तोकेको मिति र स्थानमा हुनेछ ।

(१०.२) अन्तर्वार्ता वापत पाउने अङ्कभार शिक्षक सेवा आयोग नियमावली, २०५७ (शंशोधन सहित) अनुसार कायम गरिनेछ ।

(१०.३) अनुभवका आधारमा प्राप्त हुने नम्बर कायम गर्दा आन्तरिक प्रतियोगिताको हकमा सम्बन्धित तहमा कार्यरत रहेको भए एक बर्षको आधा नम्बरका दरले बढीमा ५ नम्बर प्रदान गर्ने गरी छुट्याइनेछ ।

(१०.४) लिखित र मौखिक दुवै परीक्षावाट प्राप्ताङ्कको कुल योगवाट उच्चतम अंक प्राप्त गर्ने उम्मेदवारहरुको नामावली आवश्यक संख्याका आधारमा करामा शिक्षक नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्नेछ । सिफारिस भएका व्यक्तिको नामावली सूचना पाटिमा सार्वजनिक गर्नु पर्नेछ उक्त सूचना प्रकाशित गर्दा वैकल्पिक उम्मेदवारको नामवलि समेत प्रकाशित गर्नु पर्नेछ ।

**११. वैकल्पिक उम्मेदवार नियुक्ति सम्बन्धमाः**(११.१) नियुक्तिको लागि सिफारिस भएका उम्मेदवारले सूचनामा प्रकाशित अवधिभित्र नियुक्ति नबुझेमा वा नियुक्ति बुझेको ७ दिनभित्र विद्यालयमा हाजरि नभएमा छनोट समितिको निर्णयअनुसार वैकल्पिक उम्मेदवारलाई नियुक्ति गरिनेछ ।

१२. शिक्षक छनौटका सवै प्रकृयमा गाउँपालिकाका आध्यक्ष उपाध्यक्ष प्रमुख प्रशासकीय अधिकृतवाट अनुगमन हुनेछ तर अनुगमन वापत कुनै सुविधा उपलव्ध हुने छैन ।

१३. विद्यालयमा कार्यरत महिला शिक्षक सुत्केरी भएर प्रसुती विदामा वसेको ९८ दिनका लागि विद्यालयले आफैले स्वयम सेवक शिक्षक नियुक्ति गर्नेछ उक्त शिक्षक नियुक्तिको तत्कालै

नियुक्तिको प्रक्रिया सहित नियुक्ति पत्र र हजिरी भएको जानकारी गाउँपालिकमा उपलव्ध गराउनु पर्नेछ । उक्त जानकारी पछि स्वयम सेवक शिक्षक वापत गाउँपालिकाले आधारभुत तह र विद्यालय कर्मचारी सहयोगिका लागि एकमुष्ट गाउँ शिक्षा समिति र गाउँकार्यपालिकले निर्धारण गरे वमोजिकको रकम गाउँ पालिकावाट उपलव्ध गाराईनेछ ।

१४. यस प्रकारको स्वयम सेवक शिक्षका विद्यालयले विद्यालयमा नै ७ सात दिनको सूचना गरी विज्ञापन गरेर नियुक्ती गर्न सक्नेछ ।

१५. स्वयम सेवक शिक्षक छनौटका लागि विद्यालयमा नै छनौट समितिको सचिवालय निर्माण गरी छनौट गर्नु पर्नेछ ।

१६. यस प्रकारको स्वयम सेवक शिक्षका छनौटका लागि विद्यालय व्यवस्थापन समितिको अध्यक्षको अध्यक्षतामा १ जना गाउँपालिकाको सम्वन्धित विषयको विज्ञ र विद्यालयको प्रधानाध्याक सदस्य सचिव रहेको छनौट समिति रहनेछ ।

१७. स्वयम सेवक शिक्षकको योग्यता र परीक्षाका पाठ्यक्रम शिक्षक सेवा आयोगले निर्धारण गरे वमोजिम हुनेछ ।

१८ . नियुक्तिका प्रक्रियाका सम्पूर्ण कागजातहरु शिक्षकको प्रसुति विदा स्विकृत पत्र, वच्चाको जन्म दर्ता प्रमाणपत्र वि व्य स को निर्णय स्यमसेवक शिक्षकका नागरिकता शैक्षिक योग्यताका प्रमाण पत्रहरु सवै ।

## परिच्छेद - छ
## सेवा सुविधा सम्वन्धमा

**१९. परीक्षामा संलग्नहरु व्यक्तिहरको सेवा सुविधा सम्बन्धमाः** (१९.१)यस कार्यविधिका उल्लेखित परीक्षा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यमा संलग्न पदाधिकारीहरु तथा कर्मचारीहरुले तपसिल बमेजिमको सेवा सुविधा पाउनेछन्

| | |
|---|---|
| क पदाधिकारी बैठक भत्ता प्रति बैठक | रु १५००/- |
| ख विषयगत प्रश्न निर्माण प्रति सेट | रु १२००/- |
| ग वस्तुगत प्रश्न निर्माण प्रतिसेट सेट | रु १२००/- |
| ङ उत्तरपुस्तिका परिक्षण विषयगत प्रति उपु | रु ५०/- |
| च वस्तुगत उत्तरपुस्तिका परिक्षण प्रति उपु | रु ५०/- |
| छ विषयगत प्रश्नपत्र टाइप प्रति सेट | रु २००/- |
| ज वस्तुगत प्रश्नपत्र टाइप प्रति सेट | रु ३००/- |

(१९.२) पदाधिकारीलाई उपलव्ध गराउने भत्ता गाउँ पालिकावाट उपपलव्ध गराईनेछ यस्तो प्रकारको भत्ता दुइजना विशेषज्ञका लागि मात्र उपलव्ध गराउने छ । विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्याक र शिक्षा अधिकृत वा गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रतिनिधिका लागि भत्ताको व्यवस्था गरिने छैन र विशेषज्ञ गाउँपालिका भित्र कार्यरत शिक्षक भएका गाउँपालिकावाट काजको व्यवस्था गरीने छ साथै अन्य कुनै भत्ता नदिएर आतेजाते वापत प्रतिदिन रु २०००। (दुइ

हजार रुपैया मात्र) उपलव्ध गाराइनेछ । विद्यालयवाट शिक्षक नियुक्तिका लागि विद्यालयवाट अन्य कुनै प्रकारको खर्च गरीने छैन ।

## परिच्छेद — सात

## प्रधानाध्यापक सम्वन्धमा

२०. विद्यालयको प्रधानाध्यापकक नियुक्ति सम्वन्धमाः(२०.१) विद्यालयको प्राज्ञिक, व्यवस्थापकीय तथा प्रशासनिक जिम्मेवारी निर्वाह गरी विद्यालयको प्रमुख कार्यकारी पदमा काम गर्न विद्यालयको प्रधानाध्यापकक विद्यालय प्रमुखको रुपमा रहनेछ ।प्रधानाध्यापककले विद्यालयको समग्र प्राज्ञिक, व्यवस्थापकीय तथा प्रशासनिक उत्तरदायित्व वहन गर्नुपर्नेछ ।

(२०.२) शिक्षा नियमावली २०५९ (शंसोधन सहित) अनुसार विद्यालयको अध्यापनको साथै दैनिक प्रशासनिक कार्य सञ्चालनका लागि विद्यालयमा एक जना छुट्टै प्रधानाध्यापक रहनेछ ।

(२०.३) सवै माध्यमिक तहमा माभ्यमिक तहमा स्थायी दरवन्दी नभएको र स्थायी शिक्षक समेत नभएकोले हाललाइ विद्यालय प्रशासन सूचारु रुपमा सञ्चालनका लागि गाउँपालिमा प्रधानाध्यापकको जम्मेवारी दिनका लागि प्रधानाध्यापकक छनौट गरिनेछ ।

(२०.४) प्रधानाध्यापकक छनौटका लागि विद्यालमा कार्यरत शिक्षकहरु मध्येवाट वरिष्ठताका आधारमा विद्यालय व्यवस्थापन समितिले वडा शिक्षा समितिको आध्यक्षको रोहवरमा विद्यालय विकास प्रस्तावना माग गरी उकृष्ठ प्रस्तावना पेस गर्ने शिक्षकलाई ५ वर्षको अवधि निर्धारण गरी विद्यालयको प्रधानाध्यापकको रुपमा जिम्मा लगाउनेछ ।

तर प्रधानाध्यापकको कार्यमा सन्तोषजनक नभएमा विद्यालय व्यवस्थापन समितिको र वडा शिक्षा समितिको सिफारिसमा गाउँ शिक्षा समितिले प्रधानाध्यापकक पदको जिम्मेवारी वाट हटाउन सक्नेछ ।

## परिच्छेद - आठ

प्रधानाध्यापकको शैक्षिक योग्यता

२१. प्रधानाध्यापकको शैक्षिक योग्यताः(२१.१) शिक्षा नियमावलि २०५९ को दफा ९३ का आधारमा प्रधानाध्यापक नियुक्तिका लागि देहाय वमोजिमको शैक्षिक योग्यता हुनेछ

(२१.२) विद्यालय सञ्चालनका क्रममा निजको सञ्चालन गरेका कृयाकलाप सन्तोषजनका भएका निजको म्याद पूनः थप हुन सक्नेछ । आधारभुत तह (१-५) सञ्चालित विद्यालय भए कम्तीमा शिक्षा शास्त्र संकायमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण भइ कम्तीमा १ वर्ष स्थायी भएको ।

(२१.३) आधारभुत तह (१-८) सञ्चालित विद्यालय भए कम्तीमा शिक्षा शास्त्र संकायमा स्नातक वा सो सरह उत्तीर्ण भइ कम्तीमा १ वर्ष स्थायी भएको ।

(२१.४) माध्यमिक तहको विद्यालय भए कम्तीमा शिक्षा शास्त्र संकायमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण भइ कम्तीमा ५ वर्ष सम्बन्धित तहमा अध्यापन गरेको स्थायी शिक्षक हुनुपर्ने तर सम्बन्धित तहको स्थायी शिक्षकलाई शैक्षिक योग्यताका कारण उम्मेदवार हुन बाधा पर्ने छैन् ।

(२१.५) सम्बन्धित तहको स्थायी शिक्षकले प्रधानाध्यापकक छनौट हुन लिखित रूपमा नसक्ने भनि व्यवस्थापन समितिमा निवेदन गरेमा वा सम्वन्धित तहमा स्थायी शिक्षक नभएमा उपलब्ध शिक्षकहरु

योग्यता पुगेको तल्लो तहको स्थायी शिक्षक पनि प्रधानाध्यापककको लागि उम्मेदवार हुन सक्नेछन ।

(२१.६) प्रधानाध्यापकका लागि सम्वन्धित विद्यालयमा कार्यरत उच्चतम तहमा कार्यरत स्थायी शिक्षकहरु मध्यवाट प्रस्तावना माग गर्न सकिनेछ ।

(२१.७) विद्यालयमा उच्चतम तहमा स्थायी शिक्षक नभएमा प्रधानाध्यापकका लागि शैक्षिक योग्यता पुगेका सो भन्दा तल्लो तहमा स्थायी भइ कार्यरत शिक्षकहरु मध्येवाट विद्यालय विकास प्रस्ताव माग गरिनेछ । तल्लो तहमा कार्यरत स्थायी शिक्षकको समेत योग्यता नभएका तल्लो तहको सवै भन्दा उपल्लो योग्यता भएको शिक्षकले प्रस्तावाना पेस गर्न सक्नेछन ।

(२१.८) विद्यालय विकास प्रस्ताव मुल्याङनका शिक्षक छनौट समितिले गर्नेछ प्रस्तावानाको ढाचाँ र मुल्याङकनका सवै प्रक्रिया शिक्षा नियमावली २०५९ को दफा ९३ मा निर्धारण गरे वमोजिम हुनेछ ।

## परिच्छेद - नौ
## विविध

२२. शिक्षक छनौट परीक्षा संचालनको क्रममा आवश्यक पर्ने मसलन्द सामग्री, उत्तरपुस्तिका छपाइ लगायतको वन्दोवस्त सामग्री गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाका गरीने छ ।

२३. परीक्षा संचालन, उत्तर पुस्तिका छपाइ, उत्तरपुस्तिका परीक्षण लगायत माथि उल्लेखित विभिन्न शीर्षकमा भएको खर्च गाउँपालिकावाट व्यहोरिनेछ ।

२४. **संशोधनः** यो कार्यविधिमा परिमार्जन र सुधार गर्नुपर्ने भएमा गाउँपालिका कार्यपालिकाले आवश्यक संशोधन गर्न सकिनेछ ।

२५ **व्याख्याः** यो कार्यविधिको प्रयोगमा व्दिविधा उत्पन्न भएमा गाउँ पालिकाको वैठकको निर्णयको व्याख्या अन्तिम हुनेछ ।

**प्रमाणिकरण मितिः २०८१/०४/२४**

**राजपत्रमा प्रकाशन मितिः २०८१/०५/३०**

**आज्ञाले**
**विष्णु प्रसाद पोखरेल**
**प्रमुख प्रशासकीय अधिकृत**